सूचना।　　　　　　　　　　　　　　　सूचना।　　　　　　　　　　　　　　　सूचना।

नेपाल सरकारको मिति २०७६/१२/१० को निर्णय तथा सम्मानित सर्वोच्च अदालतको मिति २०७६/१२/२८ को प्रेस विज्ञप्ती अनुसार यस अदालतबाट यस लकडाउनको अवधिभर देहाय बमोजिमको सेवा सञ्चालन हुने व्यवस्था मिलाईएको हुँदा सम्बन्धित सरोकारवालाको जानकारीका लागी यो सुचना प्रकाशित गरिएको छ।

देहाय-

क) वन्दी प्रत्यक्षीकरण, मुलुकी फौजदारी कार्यबिधि संहिता, २०७४ को दफा १५५ बमोजिमका निवेदन, बालसुधार गृहमा रहेका बालबालिका जिम्मा लिने सम्बन्धी निवेदन उपर हुने कार्वाही एवं पक्राउ पुर्जी र जरुरी पक्राउ पुर्जी सम्बन्धी कार्यहरु।

ख) अभियोग पत्र दर्ता, बयान, थुनछेक तथा म्याद थप सम्बन्धी कार्यहरु।

ग) महामारी संग सम्बन्धित गम्भिर प्रकृतिका निवेदनहरुको कार्वाही र सुनुवाई सम्बन्धी कार्य।

पुनश्च -

उल्लेखित निवेदनहरु विहान १०.०० बजेदेखि ३.०० बजेसम्म यस अदालतमा दर्ता गरिनेछ। दर्ता भएका निवेदनहरु मध्ये ११.०० बजे भित्र दर्ता भएको निवेदनको सुनुवाई सोही दिन र अन्य निवेदनहरुको हकमा दर्ता भएको भोलिपल्ट (सार्वजनिक विदा वाहेक) सुनुवाई गरिने छ।

- भक्तपुर जिल्ला अदालत